# नाम्खा गाउँपालिका
# गाउँ सभाको सचिवालय
# याल्बाङ्ग हुम्ला

## आर्थिक ऐन, २०८२

प्रस्तावना : यस नाम्खा गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने, तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधान २०७२ को धारा २२८ को उपधारा (२) बमोजिम गाउँसभाले यो ऐन बनाएको छ ।

१. <u>सम्पत्ति कर</u> : गाउँपालिका क्षेत्रभित्र अनुसुची (१) वमोजिम एकिकृत सम्पति घर जग्गा कर लगाइने र असुल उपर गराइने छ ।

२. <u>भुमि कर (मालपोत)</u> गाउँपालिकाको क्षेत्रभित्र अनुसुचि (२) वमोजिम भुमिकर (मालपोत) लगाइने र असुल उपर गरिनेछ ।

३. <u>घर जग्गा बहाल कर</u> गाउँपालिकाको क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आशिक तवरले वहालमा देएकोमा अनुसुचि (३) बमोजिम घर जग्गा वहाल कर लगाईने र असुल उपर गरिनेछ।

४. <u>व्यवसाय कर</u> : गाउँपालिका क्षेत्रभित्र हुने व्यापार, सबै प्रकारका व्यवसाय वा सेवामा पुँजीगत लगानी, आर्थिक कारोवार र प्रकृतीको आधारमा अनुसुचि (४) वमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

५. <u>सवारी साधन कर</u> : गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसुचि (५) बमोजिम सवारी साधन कर लगाइने छ र असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही वमोजिम हुनेछ ।

६. <u>विज्ञापन कर</u> : गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापन अनुसुचि (६) वमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

तर्किदर लामा
उपाध्यक्ष

प्रेम बहादुर लामा
अध्यक्ष

CamScanner

७. <u>मनोरन्जन कर</u> गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय क्षेत्रमा अनुसूची ७ बमोजिम कर लगाइने र असुल उपर गरिनेछ ।

८. <u>पार्किङ शुल्क</u> गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सेवा उपलब्ध गराए बापत अनुसुचि (८) बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ ।

९. <u>सेवा शुल्क र सिफारिस दस्तुर</u> : सेवा शुल्क तथा सिफारिस दस्तुर अनुसुची (९) बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ ।

१०. <u>सम्पत्ति मूल्यांकन दस्तुर</u> : गाउँपालिका क्षेत्र भित्र सम्पत्ति मूल्यांकन दस्तुर सम्पत्तीको मूल्यांकन गरि अनुसुचि (१०) बमोजिम कर लगाइने र असुल उपर गरिनेछ ।

११. <u>घर निर्माण नक्सा पास दस्तुर:</u> गाउँपालिका क्षेत्र भित्र घर निर्माण नक्सा पास दस्तुर अनुसूची ११) मा उल्लेखित सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१२. <u>चार किल्ला प्रमाणित दस्तुर</u> : गाउँपालिका क्षेत्र भित्र चार किल्ला प्रमाणित दस्तुर (अनुसूची १२) मा उल्लेखित सेवामा सेवाग्राहीवाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१३. <u>निवेदन दस्तुर</u> : गाउँपालिकामा कर, दस्तुर, महसुल आदि बुझाएको भनि लिएको प्रमाणपत्रहरु आदि हराएमा (अनुसूची १३) मा उल्लेखित सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१४. <u>भाडा</u> : गाउँपालिकामा रहेको हल तथा प्रोजेक्टर प्रयोग गरे बापत प्रति दिन दस्तुर अनुसूचि १४) मा उल्लेखित सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाईन र असुल उपर गरिनेछ ।

१५. <u>सार्वजनिक शौचालय दस्तुर</u> : गाउँपालिका क्षेत्र भित्र संचालनमा रहेको सार्वजनिक शौचालय दस्तुर (अनुसूची १५) मा उल्लेखित सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाईने र असुल उपर गरिनेछ ।

...बिन्दर लामा
उपाध्यक्ष

प्रेम बहादुर लामा
अध्यक्ष

१६. <u>विद्युत/टेलिफोन पोल कर:</u> गाउँपालिका क्षेत्र भित्र नेपाल विद्युत प्राधिकरण र नेपाल टेलिकमले विद्युत र टेलिफोन प्रसारणको लागि गाडिएको पोलको केन्द्रिय प्रसारण दस्तुर (अनुसूची १६) मा उल्लेख भए बमोजिम हुनेछ ।

१७. <u>जडिबुटी, कवाडि तथा जिवजन्तु कर:-</u> गाउँपालिका क्षेत्र भित्र जडिबुटी, कवाडि तथा जिवजन्तु बिक्रि वितरण गरेकोमा अनुसूची १७ मा व्यवस्था भए अनुसार शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१८. <u>नदिजन्य पदार्थ रोयल्टी:</u> गाउँपालिका क्षेत्र भित्र भएका नदिजन्य पदार्थ(ढुङ्गा, गिट्टि, बालुवा आदि) को लागि दस्तुर रोयल्टी प्रदेशको आर्थिक विधेयक २०८२, अनुसार (अनुसूची १८) मा उल्लेखित सेवामा सेवाग्राहीवाट सोही अनुसुचीमा व्यवस्था भए अनुसार शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१९. <u>कर छुट</u> : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन ।

२०. <u>कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि:</u> यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधी गाउँपालिकाले तोके अनुसार हुनेछ ।

## अनुसुचि (१)
### (दफा १ संग सम्बन्धित)
### <u>एकिकृत सम्पति कर</u>

यस नाम्खा गाउपालिकावाट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र एकिकृत सम्पत्ति कर सम्वन्धमा एकिकृत सम्पत्ति कर व्यवस्थापन निर्देशिका, २०६१ वमोजिम निर्धारण गरिएको न्युनतम दरमा नघट्ने एकिकृत सम्पत्ति कर व्यवस्थापन निर्देशिका, २०६१ वमोजिम निर्धारण गरिएको न्युनतम दरमा नघट्ने गरी स्वयमकर निर्धारणको आधारमा मुल्यांकन गरी साविक वमोजिम एकिकृत सम्पतिकर लिइनेछ । यस गाउँपालिकाले नयाँ संघिय कानुन नवने सम्मका लागी देहाय वमोजिम घर जग्गा सम्पति सम्बन्धी करको दर देहाय बमोजिमको उठाउन सक्नेछ ।

| क स | विवरण | शुल्क(वार्षिक रुपमा) |
|---|---|---|
| १ | ३० लाख भन्दा माथि | २००० |
| २ | १५ देखि ३० लाख सम्म | १००० |
| ३ | १० देखि १५ लाख सम्म | ७५० |
| ४ | ५ देखि १० लाख सम्म | ५०० |
| ५ | १ देखि ५ लाख सम्म | २५० |

तक्विर लामा
उपाध्यक्ष

प्रेम बहादुर लामा
अध्यक्ष

CS CamScanner

## अनुसुचि (२)
### (दफा २ संग सम्बन्धित)
### भूमि कर (मालपोत)

अर्को कानून नबनेसम्म मालपोत कर प्रति वर्ग मिटर रु. ०.०१ को दरले आर्थिक वर्षको समासीको १५ दिन अगावै असुल गरिनेछ। सो समय अवधि भित्र मालपोत कर दाखिला नगर्ने करदाताको हकमा ३५ प्रतिशत थप विलम्ब शुल्क असुल गरिनेछ। मालपोत कर न्युनतम रु. १० अनिवार्य हुनेछ ।

## अनुसुचि (३)
### (दफा ३ संग सम्बन्धित)
### घरबहाल कर

गाउँपालिकाले आफनो क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम,टहरा, सेड, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक रुपमा वहालमा दिएमा सम्बन्धित धनीवाट वहाल रकमको १० प्रतिशत घर वहालकर लिनेछ ।

## अनुसुचि (४)
### (दफा ४ संग सम्बन्धित)
### व्यवसाय कर

व्यवसाय कर वार्षिक रुपमा निम्नानुसार असुल गरिनेछ ।

| क्रस | कारोबारको प्रकृति | रकम |
|---|---|---|
| १ | वार्षिक रुपमा रु १ लाखसम्म कारोबार भएको | १००० |
| २ | वार्षिक रुपमा रु १ लाख देखि ३ लाखसम्म कारोबार भएको | २००० |
| ३ | वार्षिक रुपमा रु ३ लाख देखि ५ लाखसम्म कारोबार भएको | ३००० |
| ४ | वार्षिक रुपमा रु ५ लाखभन्दा बढि कारोबार भएको | ४५०० |
| ५ | नेपाल सरकारको घ वर्गको निर्माण व्यवसायी दर्ता दस्तुर | ६००० |
| ६ | जुनसुकै प्रकृतिको कृषि तथा पशु व्यवसाय दर्ता शुल्क सहुलियत स्वरुप | १००० |
| ७ | मदिरा व्यवसायको हकमा | |

लक्दिर लामा
उपाध्यक्ष

प्रेम बहादुर लामा
अध्यक्ष

CamScanner

| | | |
|---|---|---|
| | १. खुद्रा मदिरा व्यवसाय दर्ता/सिफारिस<br>२. थोक मदिरा व्यवसाय दर्ता सिफारिस<br>३. डिलर मदिरा व्यवसाय दर्ता सिफारिस | १५०००/५००<br>२५०००/८००<br>४००००/१५०० |
| ८ | सबै व्यवसाय दर्ता नक्कल प्रतिलिपि | ५०० |

## नविकरण शुल्क

| क्रस | नविकरण हुने कारोबार | नविकरण शुल्क |
|---|---|---|
| १ | वार्षिक रु १ लाखसम्म कारोबार भएको | रु ३०० |
| २ | वार्षिक रु १ लाख देखि ३ लाखसम्म कारोबार भएको | रु ५०० |
| ३ | वार्षिक रु ३ लाख देखि ५ लाखसम्म कारोबार भएको | रु ८०० |
| ४ | वार्षिक रु ५ लाख भन्दा बढि कारोबार भएको | रु १००० |
| ५ | नेपाल सरकारको घ वर्गको निर्माण व्यवसायी नविकरण शुल्क | रु ३,००० |
| ६ | जुनसुकै प्रकृतिको कृषि तथा पशु व्यवसायी नविकरण शुल्क सहुलियत स्वरुप | रु ३०० |
| ७ | मदिरा व्यवसायीको हकमा<br>१. खुद्रा मदिरा व्यवसायी नविकरण<br>२. थोक मदिरा व्यवसायी नविकरण<br>३. डिलर मदिरा व्यवसायी नविकरण | रु ५,०००<br>रु १०,०००<br>रु १५,००० |
| ८ | नविकरण समयमै नभएमा खारेजी गर्ने जरिवाना गर्ने वा थप शुल्क लिने समायावधि<br>१. नविकरण अशोज मसान्तसम्म गरिसक्नु पर्ने छ।<br>२. यदि अशोजसम्म नविकरण नभएमा अशोज देखि चैत्र मसान्तसम्म सबै प्रकृतिको व्यवसायीको हकमा थप रकम प्रति महिना थप दस्तुर लिइने छ<br>३. अशोज महिना पछि घ वर्गको निर्माण व्यवसायीको हकमा प्रतिमहिना थप दस्तुर<br>४. चैत्र महिनासम्म पनि नविकरण हुन नआएमा प्रत्येक वर्षको सत् प्रतिशत जरिवाना सहित दस्तुर लिइ | <br><br>रु १००<br><br>५००<br><br> |

रविन्द्र लामा
उपाध्यक्ष

प्रेम बहादुर लामा
अध्यक्ष

CamScanner

|  |  |  |
|---|---|---|
|  | नविकरण गरिने छ। यदि सन्तोषजनक ढंगको नदेखिएमा निजको दर्ता नविकरण खारेजी गरिनेछ। | दर्ता शुल्कको शत प्रतिशत लिइ नविकरण गरिनेछ वा खारेजी गरिनेछ। |

अनुसुची (५)

(दफा ५ संग सम्बन्धित)

## सवारी साधन कर (वार्षिक)

गाउँपालिकाबाट अर्को कानून नबनेसम्मको लागि स्थानिय तहको अधिकार सुची अन्तर्गतको विषयमा सवारी साधन दर्ता तथा नवीकरण दस्तुर देहाय बमोजिम असुल गरिनेछ ।

यातायात सेवा सञ्चालन तथा व्यवसाय दर्ता

(वार्षिक रुपमा)

| क्रस | विवरण | दर्ता दस्तुर | नविकरण दस्तुर | कैफियत |
|---|---|---|---|---|
| १ | जिप | रु २,००० | रु ७५० |  |
| २ | ट्याक्टर | रु २,००० | रु ७५० |  |
| ३ | बस | रु ४,००० | रु १५०० |  |
| ४ | ट्रक | रु ३,००० | रु १००० |  |
| ५ | मिनि ट्रक | रु २,५०० | रु ८०० |  |

अनुसुचि (६)

(दफा ६ संग सम्बन्धित)

## विज्ञापन कर

विज्ञापन कर विज्ञापनको प्रकृति हेरि विज्ञापन कर्ता र गाउपालिकाको सम्झौता बमोजिम सम्झौता पत्रमा उल्लेखित शर्त बमोजिम हुनेछ ।

अनुसुचि (७)

रविन्द्र लामा
उपाध्यक्ष

प्रेम बहादुर लामा

(दफा ७ संग सम्बन्धित)

मनोरन्जन कर

मनोरञ्जनको कार्यक्रम संचालन गर्ने संचालकसंग गाउपालिका र संचालक वीच आपसी समझदारीमा मनोरन्जन कर शुल्क लिइनेछ ।

अनुसुचि (८)

(दफा ८ संग सम्बन्धित)

पार्किङ्ग शुल्क

पार्किङ्ग शुल्क निम्न अनुसार लिईनेछ ।

१. गाउपालिका क्षेत्र भित्र प्रवेश गर्ने सवारी साधनहरुलाई व्यवस्थित पार्किङ्गको व्यवस्था यदि गाउँपालिकाले गर्न सकेको खण्डमा सो स्थानमा पार्किङ्ग गरे वापत वस, ट्रक, आदीमा एक पटकमा रु.१००० पार्किङ्ग शूल्क लिईनेछ

२. कुनै पनि सवारी साधनले निजी स्वामित्वमा रहेको स्थानमा पार्किङ्ग गरेको अवस्था वाहेक गाउँपालिका क्षेत्र भित्रका सार्वजनिक स्थानहरु सडकको छेउ आदि स्थानमा १५ मिनेट भन्दा वढी समयको लागि पार्किङ्ग गरेमा प्रत्येक पटकमा रु.५०० पार्किङ्ग शूल्क लिनेछ। यस्तो शूल्क प्रत्येक २४ घण्टामा थप लाग्दै जानेछ ।

अनुसुचि (९)

(दफा ९ संग सम्बन्धित)

सेवा शुल्क तथा सिफारिस दस्तुर

गाउँपालिकावाट उपलब्ध गराउने सिफारिसहरुको निम्न वमोजिम निवेदन फाराम दस्तूर र सिफारिस दस्तूर लाग्ने छ।

| सि. न. | विवरण | सिफारिस दस्तुर |
|---|---|---|
| १ | नाता प्रमाणित सिफारिस घर कायम सिफारिस | २०० |
| २ | जग्गा मोही नामसारी जग्गा दर्ता/ गूठी रैकर बादि | २०० |
| ३ | आयश्रोत प्रमाणितको सिफारिसमा वार्षिक आयको हिसावले | जम्मा रकमको ०.१ प्रतिशतका दरले |

रविन्द्र लामा
उपाध्यक्ष

प्रेम बहादुर लामा
अध्यक्ष

CamScanner

| | | |
|---|---|---|
| ४ | अग्रेजी सिफारिस | ५०० |
| ५ | नागरिकता सिफारिस | १५० |
| ६ | मिलापत्र दस्तुर / उजुरी दस्तुर | २०० |
| ७ | सामान्य सिफारिस | १०० |
| ८ | नाम थर र उमेर संशोधन सिफारिस | १०० |
| ९ | संस्था दर्ता सिफारिस | ५०० |
| १० | पेन्सन पट्टा सिफारिस | १०० |
| ११ | अपुताली सिफारिस | १०० |
| १२ | मेला सर्कस अनुमति | १००० |
| १३ | व्यवसाय दर्ता सिफारिस | ३०० |
| १४ | योजना सम्झौता शुल्क | ५०० |
| १५ | खाता सञ्चालन सिफारिस | ३०० |
| १६ | खाता बन्द सिफारिस | ३०० |
| १७ | व्यवसाय वन्द सिफारिस | ३०० |
| १८ | विद्यालय कक्षा थप सिफारिस<br>१. आधारभुत तह<br>२. माध्यामिक तह | <br>१०००<br>१५०० |
| १९ | उद्योग ठाउसारी सिफारिस | ५०० |
| २० | विवाहित र विवाहित प्रमाणीत | २०० |
| २१ | घुम्ति ब्यापारी अनुमती तथा व्यापार शुल्क(प्रति पटक) | २०० |

पञ्जीकरण सम्वन्धमा ३५ दिन भित्रमा घटना दर्ता भए कुनै पनि शुल्क नलाग्ने ३५ दिन नाघेमा राष्ट्रिय परिचय पत्र तथा पन्जिकरण नियमावली, २०७७ को अनुसुचि (घ) बमोजिम हुनेछ ।

(जसअनुसार व्यक्तिगत घटना दर्ता रु. २०० र व्यक्तिगत घटना दर्ता नक्कल दस्तुर रु. ५००। उल्लेख छ।

नोट : १) विपन्न नागरिकको हकमा छात्रवृत्ति, आर्थिक सहायता, निशूल्क स्वास्थ्य उपचार, दैवी प्रकोप र सामाजिक सुरक्षा भत्ता प्रासको लागि गरिने मन्जूरनामाको सिफारिसमा सिफारिस दस्तुर छुट दिइनेछ।

<u>सामाजिक संघ संस्था, क्लबदर्ता, खानेपानी मुहान दर्ता र नवीकरण वस्तुर</u>

तदिर्दर लामा
उपाध्यक्ष

प्रेम वहादुर लामा
अध्यक्ष

| क स | विवरण | दर्ता दस्तुर | नविकरण दस्तुर | कैफियत |
|---|---|---|---|---|
| १ | आइ.एन.जि.ओ. | ५००० | १५०० | |
| २ | एन.जि.ओ. | २००० | १००० | |
| ३ | स्थानीय स्तरका क्लव | १००० | ५०० | |
| ४ | टोल सुधार समिति | निशुल्क | निशुल्क | |
| ५ | आमा समुह/वाल क्लव | निशुल्क | निशुल्क | |
| ६ | निजी संस्था | २००० | १००० | |
| ७ | कृषक समुह | २०० | १०० | |
| ८ | खानेपानी मुहान दर्ता | ५०० | २०० | |

## अनुसुचि (१०)
## (दफा १० संग सम्बन्वित)
## सम्पत्ति मूल्यांकन दस्तुर

सम्पत्ति मूल्यांकन दस्तूर मुल्यांकन कायम हुन आएको मुल्यको ०.१ प्रतिशतका दरले लिइनेछ।

## अनुसुचि (११)
## (दफा ११ संग सम्बन्धित)
## घर निर्माण नक्सा पास दस्त्र

घर निर्माण नक्सा पास दस्तुर निम्न वमोजिम लिइने छ ।

| क.स. | घरको प्रकृति | दस्तुर |
|---|---|---|
| १ | माटोले छाएको घर | रु १५० |
| २ | खर, स्लेट, तथा टिनले छाएको घर | रु ५०० |
| ३ | लेन्टरवाला घर | प्रति तला रु. १५०० |

## अनुसुचि (१२)
## (दफा १२ संग सम्बन्धित)
## चारकिल्ला प्रमाणित दस्तुरः

तकिदर लामा
उपाध्यक्ष

प्रेम बहादुर लामा

CamScanner

चारकिल्ला प्रमाणित सिफारिस दस्तुर रु. ५०० हुनेछ ।

अनुसुचि (१३)

(वफा १३ संग सम्बन्धित)

<u>निवेदन दस्तुरः</u>

गाउँपालिकाको कार्यालय तथा गाउँपालिका अन्तर्गतका विभिन्न वडा कार्यालयहरुमा पेश हुने निवेदनहरुमा निवेदन दस्तुर स्वरुप अनिवार्य रुपमा रु १० लिईनेछ र यस गाउपालिकामा कर दस्तूर, महशुल आदी बुझाएको भनी लिएको प्रमाणपत्रहरु आदि हराएमा रु.१००। लिई अकों प्रतिलिपी प्रमाणपत्र दिईनेछ ।

अनुसुचि (१४)

(दफा १४) संग सम्बन्धित)

<u>भाडा</u>

यस गाउपालिकामा रहेको हल तथा प्रोजेक्टर प्रयोग गरे बापत प्रति दिन रु.१०००। भाडा लिई उपलब्ध गराउने ।

अनुसुचि (१५)

(दफा १५ संग सम्बन्धित)

<u>सार्वजनिक शौचालय</u>

नीजि क्षेत्र संग साझेदारीको माध्यमवाट शुल्क निर्धारण गरी संचालन गरिने छ।

अनुसुचि (१६)

(दफा १६ संग सम्बन्धित)

<u>विद्युत/टेलिफोन पोल करः</u>

नेपाल विद्युत प्राधिकरण र नेपाल टेलिकमको गाउपालिका क्षेत्र भित्र विद्युत र टेलिफोन प्रसारणको लागि गाडिएको केन्द्रिय प्रसारण पोललाई नियमानुसार करको दायरामा ल्याउन पहल गरिनेछ ।

अनुसुचि (१७)

(दफा १७ संग सम्बन्धित)

<u>जडिबुटी, कवाडि तथा जिवजन्तु करः</u>

नविदर लामा
उपाध्यक्ष

प्रेम बहादुर लामा
अध्यक्ष

अनुसुचि (१७)

(दफा १७ संग सम्बन्धित)

**जडिबुटी, कवाडि तथा जिवजन्तु कर:**

जडिबुटी, कवाडी तथा जीवजन्तु कर वार्षिक रुपमा रु.१,०००। हुनेछ ।

जडिबुटी निकासी तथा पैठारी गर्दा कुल लागत वा विक्रि आयको १० प्रतिशतका दरले दस्तुर सकलन गरिनेछ।

अनुसुचि (१८)

(दफा १८ संग सम्बन्धित)

**प्राकृतिक स्रोतबाट प्रास रोयल्टी**

गाउँपालिकाले प्राकृतिक स्रोतबाट प्रास रोयल्टीको दर देहाय बमोजिम निर्धारण गरिनेछ ।

| क.स. | प्राकृतिक स्रोतको विवरण | इकाई | दर | कैफियत |
|---|---|---|---|---|
| १ | ढुङ्गा | प्रति चट्ठा | रु ५०० | |
| २ | बालुवा | प्रति टराली | ट्याक्टर रु १५०० र ट्रक ३००० | |
| ३ | गिट्टि | प्रति टराली | ट्याक्टर रु १००० र ट्रक २००० | |
| ४ | माटो (भरौटे र बलौटे) | प्रति टराली | रु २५० | |
| ५ | बन पैदावार काठ दस्तुर | प्रति एकाइ | रु ५ | |

तर यस विषयको हकमा कर्णाली प्रदेश कानुन अनुसार र आर्थिक मामिला तथा योजना मन्त्रालयको निर्देशन अनुसार आगामी बर्षमा करहरु संकलन गरिने छ ।प्रदेश कानुन संग बाझिएको हकमा प्रदेश कानुनको आधारमा कर संकलन गरिने व्यवस्था मिलाइने छ।

तक्दिर लामा
उपाध्यक्ष

प्रेम बहादुर लामा
अध्यक्ष

CamScanner